# प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>
२०७८।०८।१६

<u>**प्रस्तावनाः**</u> बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यको बुँदा नं. ३९ मा प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी, पारदर्शी एवं जवाफदेही रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यो कार्यविधिको नाम "प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपभोक्ता समिति" भन्नाले यस कार्यविधि बमोजिम स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्नका लागि कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने स्थानीय व्यक्तिहरू मध्येबाट प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत सञ्चालन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

हुने पूर्वाधार निर्माणका कार्यक्रमलाई समेत जनाउँछ।

(ग) "कार्यालय" भन्नाले जिल्ला समन्वय समितिको कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय वा नगर कार्यपालिकाको कार्यालय वा उपमहानगरपालिकाको कार्यालय वा महानगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(घ) "कार्यालय प्रमुख" भन्नाले जिल्ला समन्वय अधिकारी र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ङ) "निर्वाचन क्षेत्र" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम कायम भएको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(च) "निर्देशक समिति" भन्नाले दफा ५ बमोजिम गठित कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ।

(छ) "प्रदेश सभा सदस्य" भन्नाले बागमती प्रदेशका प्रदेश सभा सदस्य सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

(झ) "विषयगत कार्यालय" भन्नाले प्रदेश सरकारका विभिन्न मन्त्रालय वा अन्तर्गत कार्यक्षेत्र भएका कार्यालय वा निकाय सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ । सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

३. **कार्यक्रम परामर्श समितिः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन र व्यवस्थापनको कार्यलाई समन्वय तथा सहजीकरण गर्न नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम प्रत्येक प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्रमा देहाय बमोजिमको एक कार्यक्रम परामर्श समिति रहनेछः-

(क) प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) समानुपातिक प्रदेश सभा सदस्य -सदस्य

(ग) जिल्ला समन्वय समितिका प्रमुख र उप-प्रमुख -सदस्य

(घ) प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्रभित्रका स्थानीय तहका प्रमुख उपप्रमुखहरू -सदस्य

(२) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाको सदस्य आफूले चाहेको प्रदेशभित्रको कुनै एक निर्वाचन क्षेत्रको उपदफा (१) बमोजिमको समितिको सदस्य हुन सक्नेछ।

(३) उपदफा (२) बमोजिमका प्रदेश सभाका सदस्यले आफू सदस्य हुन चाहेको निर्वाचन क्षेत्र खुलाई मङ्सिर मसान्तभित्र सम्बन्धित मन्त्रालय र जिल्ला समन्वय समितिको कार्यालयमा लिखित रूपमा जानकारी दिनु पर्नेछ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको निर्वाचित प्रदेश सभाको सदस्य निलम्बन भएको वा कुनै कारणले त्यस्तो पद रिक्त भएको अवस्थामा खण्ड (ख) बमोजिमको ज्येष्ठ सदस्यले संयोजकको रूपमा कामकाज गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) जिल्ला समन्वय अधिकारीले उपदफा (१) बमोजिमको समितिको सचिव भई काम गर्नेछ।

४. **<u>कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकार</u>ः** (१) कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम निर्वाचन क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको समन्वय र सहजीकरण गर्ने,

(ख) आफ्नो निर्वाचन क्षेत्रभित्र यस कार्यविधि बमोजिम लागत साझेदारी हुन सक्ने आयोजनाहरूको विवरण सङ्कलन गरी निर्देशक समितिलाई उपलब्ध गराउने,

(ग) कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहजीकरण गर्ने, र

(घ) कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशक समितिलाई आवश्यक सल्लाह तथा सहयोग उपलब्ध गराउने।

(२) कार्यक्रम परामर्श समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछ।

(३) कार्यक्रम परामर्श समितिको बैठक सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ।

५. **<u>कार्यक्रम निर्देशक समिति</u>ः** (१) यस कार्यविधि बमोजिम कार्यक्रमको छनोट, कार्यान्वयन र अनुगमन गर्न प्रत्येक निर्वाचन क्षेत्रमा दफा ३ बमोजिमको कार्यक्रम परामर्श समितिको संयोजकको संयोजकत्वमा सो दफाको उपदफा (१) को खण्ड (ख) र निर्वाचन क्षेत्रभित्रका स्थानीय तहका प्रमुख सदस्य रहेको एक कार्यक्रम निर्देशक समिति रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) जिल्ला समन्वय अधिकारीले समितिको सचिव भई काम गर्नेछ।

६. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>:** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना छनोटको मापदण्ड तयार गर्ने,

(ख) दफा ९ बमोजिम छनोट भएका आयोजना स्वीकृत गर्ने,

(ग) स्वीकृत भएका आयोजना कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय, कार्यालय र सम्बन्धित स्थानीय तहमा लेखी पठाउने, र

(घ) कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने ।

७. **<u>निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि</u>:** (१) निर्देशक समितिको बैठक आवश्यकता अनुसार सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा बस्नेछ ।

(२) बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा ३ दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(३) जिल्लाका एक भन्दा बढी निर्वाचन क्षेत्रका साझा आयोजना छनोट गरी कार्यान्वयन गर्नु पर्ने भएमा त्यस्तो जिल्ला भित्रका निर्देशक समितिहरुको संयुक्त बैठक बस्न सक्नेछ। त्यस्तो संयुक्त बैठकको निर्णय बमोजिम आयोजना छनोट गरी कार्यान्वयन गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) निर्देशक समितिको बैठकमा संयोजक बाहेकका अन्य कुनै सदस्यको अनुपस्थितका कारणले मात्र समितिको काम कारबाहीमा वाधा पुग्ने छैन।

(५) निर्देशक समितिको निर्णय सदस्यहरुको परामर्शमा सर्वसम्मतिबाट हुनेछ।

(६) उपदफा (५) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा यस कार्यविधि बमोजिमका आयोजना छनोट गर्दा रु. ३ करोडको पचास प्रतिशतले हुने रकम बराबरको आयोजना छनोटमा प्रत्यक्षतर्फ निर्वाचित प्रदेश सभा सदस्यको र रु. १ करोडको ५० प्रतिशतले हुने रकम बराबरको आयोजना छनोटमा समानुपातिकतर्फ निर्वाचित सदस्यको निर्णय नै समितिको निर्णय हुनेछ ।

(७) निर्देशक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>रकमको बाँडफाँट</u>:** (१) चालु आर्थिक वर्ष २०७८/७९ मा स्वीकृत प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रममा विनियोजित रकम रु. २ अर्ब ४२ करोड मध्ये पूर्वाधारतर्फ पचास प्रतिशत रकम बाँडफाँट गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बाँडफाँट गर्दा बाँडफाँट भएको रकममध्ये प्रत्येक निर्वाचन क्षेत्रमा प्रति प्रत्यक्ष निर्वाचित सदस्य बराबर रु. ३ करोडको पचास प्रतिशत र प्रति समानुपातिक सदस्य बराबर रु. १ करोडको पचास प्रतिशत रकम बाँडफाँट गर्नुपर्नेछ।

९. **<u>आयोजनाको छनोट</u>:** (१) निर्देशक समितिले आयोजना छनोट गर्दा अनुसूची -१ बमोजिमको विवरणका आधारमा अनुसूची-२ मा उल्लेखित आयोजना क्षेत्रहरुमध्ये छनोट गर्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम आयोजना छनोट गर्दा एक आर्थिक वर्षभित्र सम्पन्न गर्न सकिने आयोजना मात्र छनोट गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोजना छनोट गर्दा संघ, प्रदेश र स्थानिय तहबाट सञ्चालन भएका आयोजनासँग दोहोरो नपर्ने गरी छनोट गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम आयोजना छनोट गर्दा दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्यले न्यूनतम रु. ५ लाख लागत भएका अधिकतम पन्ध्र वटा र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यले न्यूनतम रु. ५ लाख लागत भएका अधिकतम पाँच वटासम्म आयोजना छनोट गर्नुपर्नेछ ।

(५) निर्देशक समितिले उपदफा (१) मा उल्लिखित आयोजना मध्येबाट यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाहरू पुस ७ गतेभित्र छनोट गरिसक्नु पर्नेछ।

(६) जिल्ला समन्वय समितिको कार्यालयले उपदफा (१) बमोजिम छनोट भएका आयोजनाको विवरण अनुसूची-४ बमोजिमको ढाँचामा तयार गरी अनुसूची-३ बमोजिमको कार्यान्वयन तालिका सहित आयोजना कार्यान्वयन हुने मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानिय तहमा पुस १५ गतेभित्र पठाई सक्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिम छनोट भएका कुनै आयोजनाको सम्झौता पुस महिना भित्र हुन नसकेमा संयोजकले सो आयोजना परिवर्तन गरी माघ १५ गतेभित्र सोही निर्वाचन क्षेत्र अन्तर्गतको अर्को आयोजना छनोट गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम आयोजना परिवर्तन भएको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

जानकारी माघ २० गतेभित्र मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित स्थानीय तहमा समेत दिनु पर्नेछ।

(९) निर्देशक समितिले यस कार्यविधि बमोजिम एक भन्दा बढी स्थानीय तह वा निर्वाचन क्षेत्रमा पर्ने आयोजना कार्यान्वयन कुनै एउटा स्थानीय तहबाट हुने गरी वा कामको परिमाणको आधारमा सम्बन्धित स्थानीय तहहरूमा विभाजन गरी तोक्न सक्नेछ।

(१०) यस कार्यविधि बमोजिम मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा छनोटको विवरण उपलब्ध गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ ।

(११) यस कार्यविधि बमोजिम आयोजना छनोट गर्दा कोभिडबाट पुर्नस्थापना हुने, उत्पादन र उत्पादकत्व वृद्धि हुने, रोजगारी सिर्जना हुने र जलवायु अनुकूलन हुने गरी गर्नु पर्नेछ।

(१२) यस कार्यविधि बमोजिम आयोजना छनोट गर्दा बनक्षेत्रको प्रयोग हुने गरी गर्न पाइने छैन।

१०. **कार्यक्रम साझेदारी गर्न सकिने**: (१) यस कार्यविधि बमोजिम छनोट भएका आयोजनामा सम्बन्धित स्थानीय तहबाट वित्तीय साझेदारी गर्न सकिनेछ ।

(२) कार्यालयले उपदफा (१) बमोजिमको रकम साझेदारी गर्दा निर्देशक समितिले लागत साझेदारी गर्ने स्थानीय तहसँग समन्वय गरी साझेदारी गर्न सक्ने रकम र साझेदारीको ढाँचा समेत यकिन गर्नुपर्नेछ ।

(३) कार्यालयले उपदफा (२) बमोजिम स्थानीय तहले साझेदारी गर्ने रकम समेत समावेश गरी आयोजनाको लागत अनुमान तयार गर्नुपर्नेछ ।

(४) निर्देशक समितिले लागत साझेदारी बढी हुने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आयोजना छनोट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने गरी मापदण्ड बनाउन सक्नेछ।

११. **कार्यक्रम सञ्चालन तथा कार्यान्वयनः** (१) यस कार्यविधि बमोजिम आयोजनाको सञ्चालन तथा कार्यान्वयन गर्दा सम्बन्धित कार्यालय प्रमुखले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम निर्माण हुने पूर्वाधार निर्माण गर्दा महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिले समेत प्रयोग गर्न सक्ने गरी गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरू उपभोक्ता समितिले ठेक्का वा अन्य कुनै तरिकाबाट अन्य व्यक्ति वा संस्था मार्फत काम गराएको पाइएमा समितिले त्यस्तो आयोजना रद्द गरी यस कार्यविधि अनुसार छनोट भएका अर्को आयोजनालाई रकम उपलब्ध गराउन सक्नेछ।

(४) यस कार्यविधि बमोजिमका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको जानकारी सम्बन्धित आयोजना स्थल, कार्यालयको सूचनापाटी तथा वेवसाइटमा समेत राख्नु पर्नेछ।

१२. **आयोजना कार्यान्वयनको जिम्मेवारीः** (१) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाहरू तोकिएको गुणस्तर र समयमा कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयनको लागि प्राप्त आयोजना कार्यान्वयन नगरेमा सम्बन्धित कार्यालय प्रमुख जिम्मेवार हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) सम्बन्धित कार्यालय प्रमुखले आयोजना कार्यान्वयनको वित्तीय तथा भौतिक प्रगतिको जानकारी नियमित रूपमा निर्देशक समिति, सोको संयोजक र मन्त्रालयलाई दिनु पर्नेछ र यस्तो विवरण कार्यालयको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

१३. **<u>रकम निकासा सम्बन्धी व्यवस्थाः</u>** (१) छनोट भएका सम्पूर्ण आयोजनाको स्थानीय तहगत विवरण मन्त्रालयमा प्राप्त भएपछि मात्र सम्बन्धित स्थानीय तहलाई रकम हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयले प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-४ बमोजिमको रकम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत् सम्बन्धित स्थानीय तहमा निकासाको व्यवस्था मिलाउनेछ ।

(३) निर्देशक समितिले यस कार्यविधि बमोजिम आयोजना छनोट गरी पेश गरिसकेपछि प्रदेश सभा सदस्यको कार्यकाल समाप्त भए तापनि सम्बन्धित आर्थिक वर्षभित्र सम्पन्न हुने गरी कार्यक्रम कार्यान्वयन तथा रकम निकासा गर्न बाधा पर्ने छैन ।

१४. **<u>आयोजनाको अनुगमनः</u>** (१) यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने आयोजनाको अनुगमन गर्ने जिम्मेवारी निर्देशक समितिको हुनेछ। निर्देशक समितिले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न निर्देशक समितिको कुनै सदस्यलाई प्रतिनिधि तोक्न सक्नेछ।

(२) निर्देशक समितिले उपदफा (१) बमोजिम अनुगमनको लागि कुनै सदस्यलाई प्रतिनिधि तोकेमा त्यस्तो प्रतिनिधिले आयोजनाको अनुगमन गरी सम्बन्धित स्थानीय तह,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

निर्देशक समिति र निर्देशक समितिका संयोजकलाई नियमित रूपमा प्रतिवेदन दिनु पर्नेछ।

(३) कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा निर्देशक समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि विशेष अनुगमन टोली गठन गर्न सक्नेछ। विशेष अनुगमन टोलीको प्रतिवेदन निर्देशक समितिमा पेश गर्नु पर्नेछ र निर्देशक समितिको निर्णयको आधारमा सम्बन्धित कार्यालय प्रमुखले कार्यान्वयन गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम अनुगमन तथा जाँचबुझ गरी दिइएको सुझाव कार्यान्वयन गर्नु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ।

१५. **<u>सार्वजनिक परीक्षणः</u>** यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षणका विधि अवलम्बन गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

१६. **<u>आयोजनाको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारकः</u>** (१) उपभोक्ता समिति मार्फत सञ्चालन भएको आयोजनाको हकमा भएको खर्चको बिल भरपाई सहितको विवरण सम्बन्धित उपभोक्ता समितिले र ठेक्काबाट सञ्चालन भएको आयोजनाको हकमा सम्बन्धित निर्माण व्यवसायीले सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले जाँचपासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएको कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(३) उपदफा (२) बमोजिम खटिएका प्राविधिक कर्मचारीले सम्झौता अनुसार काम भए नभएको स्पष्ट रुपमा खुलाई प्रतिवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनबाट खर्च अनुसारको काम भएको भन्ने देखिन आएमा कार्यालयले त्यस्तो कामको जाँचपास गरिदिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यालयबाट जांचपास भईसकेपछि कार्यालय प्रमुखले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

१७. **<u>कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u>** (१) यस कार्यविधि बमोजिमको आयोजना छनोट गर्न, समन्वय गर्न र प्रतिवेदन गर्न प्रशासनिक खर्चको रूपमा मन्त्रिपरिषद्को निर्णय बमोजिम मन्त्रालयले अनुसूची-५ बमोजिम हुन आउने रकम सम्बन्धित जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकम प्रचलित कानून बमोजिम आयोजनासँग सम्बन्धित काममा मात्र खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त रकम प्रचलित कानून बमोजिम श्रेस्ता राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ ।

१८. **<u>लेखा र लेखा परीक्षणः</u>** (१) आयोजना कार्यान्वयनको लागि प्राप्त रकम तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकम प्रचलित कानून बमोजिम श्रेस्ता राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१९. **कार्यक्रम प्रगति प्रतिवेदनः** कार्यालय प्रमुखले आयोजनाको प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समितिको कार्यालयमा महिना समाप्त भएको मितिले सात दिनभित्र र सम्बन्धित जिल्ला समन्वय समितिले एकमुष्ट रुपमा चौमासिक अवधि सम्पन्न भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

२०. **मन्त्रालयले निर्देशन दिन सक्नेः** सम्बन्धित मन्त्रालयले यस कार्यविधि बमोजिमका आयोजनाको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ।

२१. **आवश्यक व्यवस्था गर्नेः** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा प्रदेश मन्त्रिपरिषद्ले आवश्यक व्यवस्था मिलाउनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची -१

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**आयोजनाको विवरण**

१. आयोजनाको नाम :..............................

२. आयोजना माग गर्ने व्यक्ति/ निकाय:

☐ प्रदेश सभा सदस्य ☐ स्थानीय तह ☐ अन्य निकाय

३. आयोजना सञ्चालन हुने जिल्लाको नाम :..................................

४. आयोजना सञ्चालन हुने प्रदेश निर्वाचन क्षेत्र :..............................

५. आयोजना सञ्चालन हुने स्थानीय तहको नाम :...................................

६. वडा नं

७. आयोजनाबाट प्राप्त हुने लाभहरु

८. अनुमानित लागत :......................................

९. लाभग्राहीको संख्या:......................................

१०. आयोजना अन्तर्गत गरिने मुख्य क्रियाकलापहरु

(क)

(ख)

(ग)

(घ)

११. आयोजना सम्पन्न हुन लाग्ने अनुमानित समय:

☐ २ महिना ☐ ४ महिना ☐ ६ महिना

१२. आयोजनासँग सम्बन्धित मन्त्रालय वा निकाय

☐ .............................. मन्त्रालय कार्यालय

☐ ..............................पालिका

☐ ..............................कार्यालय

१३. आयोजनाको कार्यान्वयन विधि

☐ ठेक्का मार्फत्

☐ सामाजिक संघ संस्था मार्फत्

☐ सार्वजनिक निजी साझेदारी मार्फत्

☐ सार्वजनिक सहकारी साझेदारी मार्फत्

☐ उपभोक्ता समिति मार्फत्

☐ अमानत मार्फत्

☐ अन्य मार्फत्

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## <u>छनोट गर्नुपर्ने क्षेत्रहरु</u>

(१) **<u>भौतिक पूर्वाधार तर्फका आयोजनाहरु:</u>**

(क) जलस्रोत तथा उर्जा सम्बन्धी आयोजना :

१. खोल्सी गल्छी तथा पहिरो नियन्त्रण,

२. सिँचाई पोखरी संरक्षण एवम् जलाधार संरक्षण सम्बन्धी आयोजना,

३. सिँचाई प्रणाली मर्मत सम्भार,

४. लघु जलविद्युत मर्मत सम्भार,

५. ग्रामिण विद्युतीकरण,

६. जैविक तथा सौर्य ऊर्जा सम्बन्धी आयोजना ।

(ख) सडक पूर्वाधार सम्बन्धी आयोजनाः

१. सडक स्तरोन्नति तथा मर्मत सम्भार,

२. सडक सुरक्षा, वायोईन्जिनियरिंग तथा सौन्दर्यीकरण सम्बन्धी आयोजना,

३. सडक पुल तथा झोलुङ्गे पुल मर्मत सम्भार,

४. कल्भर्ट निर्माण।

(ग) खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाः

१. खानेपानी तथा सरसफाइ स्किम निर्माण विस्तार तथा मर्मत सम्भार,

२. फोहोरमैला व्यवस्थापन,

३. सार्वजनिक शौचालय निर्माण,

४. ढल व्यवस्थापन ।

(घ) आवाश, भवन तथा शहरी विकास सम्बन्धी आयोजनाः

१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्य, कला सम्बन्धी पूर्वाधार संरक्षण तथा जिर्णोद्धार,

२. पुरातात्त्विक र पर्यटकीय सम्पदा संरक्षण,

३. सार्वजनिक उद्यान तथा पदमार्ग।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अनुसूची-३

(दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

प्रदेश पूर्वाधार विकास कार्यक्रम

## कार्यक्रम कार्यान्वयन तालिका

(जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाउने विवरण)

जिल्ला ........................ प्रदेश निर्वाचन क्षेत्र नं. ..........

| क.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने गा.पा./न.पा./वडा नं./टोल | लक्ष्यको एकाइ | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | लागत सहभागिताबाट व्यहोरिने रकम रु. . | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यक्रमबाट | स्थानीय तहबाट | गै.स.स. वा अन्य | जनसहभागिता | जम्मा | | |
| | | | | | | | | | | | | | |

अनुसूची-४

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

## <u>जिल्ला समन्वय समितिको कार्यालयले मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहमा पठाउनु पर्ने विवरण</u>

आर्थिक वर्षः २०७..../०७...

जिल्लाः ... ... ... ...निर्वाचन क्षेत्र नं.: ... ... ... प्रदेशः ... ... ... ...

| क्र.सं. | कार्यक्रम सञ्चालन हुने स्थानीय तह | आयोजनको सङ्ख्या | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | ............................पालिका | | | |
| २. | ............................पालिका | | | |
| ३. | ............................पालिका | | | |
| ४. | ............................पालिका | | | |
| ५. | ............................पालिका | | | |
| ६. | ............................पालिका | | | |
| ७. | ............................पालिका | | | |
| ८. | ............................पालिका | | | |
| ९. | ............................पालिका | | | |
| १०. | अनुसूची-५ बमोजिम जिल्ला समन्वय समितिको प्रशासनिक खर्चको रकमः | | | |
| | निर्वाचन क्षेत्रको जम्माः | | | |

<u>**नोटः**</u> कुनै आयोजना एक भन्दा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने भएमा त्यस्तो आयोजना कार्यान्वयनको लागि समितिले कुनै एउटा स्थानीय तहमा पठाउन वा कामको परिमाण अनुसार सम्बन्धित स्थानीय तहमा रकम बाँडफाँट गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-५

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**जिल्ला समन्वय समितिको लागि प्रशासनिक खर्चको रकम**

| क्र. सं. | विवरण (जिल्लामा कायम रहेका प्रदेश संसदको निर्वाचन क्षेत्र) | प्रशासनिक खर्च (सम्बन्धित निर्वाचन क्षेत्रको लागि विनियोजन भएको रकमको आधारमा) |
|---|---|---|
| १ | दुई वटा निर्वाचन क्षेत्र भएको जिल्ला | १.२५% (एक दशमलब दुई पाँच प्रतिशत) |
| २ | चार वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.९०% (शून्य दशमलब नौ प्रतिशत) |
| ३ | छ वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.७०% (शून्य दशमलब सात प्रतिशत) |
| ४ | आठ वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.६०% (शून्य दशमलब छ प्रतिशत) |
| ५ | दश वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.५५% (शून्य दशमलब पाँच पाँच प्रतिशत) |
| ६ | बाह्र वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.५०% (शून्य दशमलब पाँच प्रतिशत) |
| ७ | बीस वटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | ०.४०% (शून्य दशमलब चार प्रतिशत) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश